# भार्गव विकास बैंक लिमिटेड

प्रधान कार्यालय, सुर्खेतरोड, नेपालगञ्ज, बाँके

फोन नं ०८१-५२१०२७, ५२५०३७ फ्याक्स नं. ०८१-५२६०५८

E-mail : info@bhargavbank.com.np, www.bhargavbank.com.np


## छैठौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७०/११/०५ गते)

यस विकास बैंकको सञ्चालक समितिको मिति २०७०।११।०३ मा बसेको १०७ औं बैठकको निर्णयानुसार यस विकास बैंकको छैठौं बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ :

१) **सभा हुने मिति, स्थान र समय**

मिति : २०७० साल फाल्गुन ३० गते शुक्रवार (तद्नुसार १४ मार्च २०१४)

स्थान : होटल इन्द्रेणी एण्ड रेस्टुरेन्ट सुर्खेतरोड, गणेशमान चौक, नेपालगञ्ज ।

समय : बिहान ११:३० बजे

२) **छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष ०६९।७० को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६९।७० को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण स्वीकृत गर्ने ।

३) आर्थिक वर्ष २०७०।७१ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ६० (२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार वर्तमान लेखा परीक्षक श्री मुरलीघर तिवारी, एम तिवारी एण्ड एसोसियट्स पुनः नियुक्त हुन सक्नु हुने छैन ।)

**ख) विषेश प्रस्ताव :**

१) भार्गव विकास बैंक लि. र अन्य उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit - DDA) गर्न मान्यता प्राप्त मूल्यांकन कर्त्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया पूरा गरी सो मा हस्ताक्षर गर्ने, लगायत मर्जर सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा चौथो वार्षिक साधारण सभाबाट पारित भई सकेको मा सो लाई निरन्तरता प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।

**ग) विविध :**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. छैठौं वार्षिक साधारण सभा प्रयोजनको लागि यस विकास बैंकको शेयर नामसारी दाखिल खारेज मिति २०७०/११/१६ देखि २०७०/११/३० सम्म बन्द रहने छ र मिति २०७०/११/१४ सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई मिति २०७०/११/२५ गते कार्यालय समय भित्र यस विकास बैंकको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., एनएमबि भवन बबरमहल काठमाडौंमा प्राप्त भएको शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले मात्र छैठौं बार्षिक साधारण सभामा भाग लिन पाउनु हुने छ ।

२. साधारण सभामा उपस्थित हुँदा शेयरधनी महानुभावहरुले प्रवेश पत्र, शेयर प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने कागजात संगै ल्याइदिनु हुन अनुरोध छ ।

३. सभामा भाग लिनका लागि प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले सभा शुरु हुने समय भन्दा ४८ घण्टा अगावै यस बैंकको प्रधान कार्यालय सुर्खेतरोड नेपालगञ्जमा प्रोक्सी फाराम दर्ता गरि सक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्दा आफु जुन समूहको शेयरधनी हो सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन पाइने छ । प्रतिनिधी नियुक्त गरि सक्नु भएको शेयर धनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

४. एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकरर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकरर गरेमा जुन मुकरित लिखत बैंकको कार्यालयमा पहिले प्राप्त भई दर्ता हुन्छ, सो मात्र मान्य हुनेछ र सो उप्रान्तको लिखत मान्य हुने छैन । त्यस्तै एकै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाउनु हुने छैन । यसरी दिइएको प्रोक्सी बदर हुने छ ।

५. सभामा उपस्थित हुने शेयरधनी महानुभावले सभा स्थलमा राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ । हाजिरी पुस्तिका सभा हुने दिन सभा स्थलमा विहान ९:३० बजे देखि खुला रहने छ ।

६. शेयरधनी महानुभवाहरुको ठेगानामा बार्षिक प्रतिवेदन पठाइने छ । कारणवश प्राप्त न भएमा बैंकको प्रधान कार्यालय तथा शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिने छ

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस संगठित संस्था वा कम्पनीले मनोनीत गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्ने छ ।

८. नाबालिग शेयरधनीको हकमा बैंकको शेयरधनी दर्ता किताबमा संरक्षक रुपमा दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छ तर निज संरक्षकले आफु संरक्षक भएको शेयरधनीको बाहेक अरुको प्रोक्सी ल्याउन पाउने छैनन् ।

९. कुनै शेयरधनी महानुभावलाई बैंकको सम्बन्धमा केही जिज्ञासा भए सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी, सचिव मार्फत संचालक समितिका अध्यक्षलाई लिखित रुपमा दिनु पर्छ । तर त्यस्तो जिज्ञासालाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०) शेयरधनी महानुभावहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष वा अध्यक्षको अनुमति लिई कुनै संचालक वा महाप्रबन्धकले जवाफ दिन सक्ने छन् ।

११) अन्य जानकारीको लागि बैंकको प्रधान कार्यालय सुर्खेतरोड नेपालगञ्जमा सर्म्पक राख्नु हुन अनुरोध छ ।